CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #३

१० ।१२ ।२०७६

भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।








# हल्ला - तथ्य



यो संकटको मौका छोपेर भित्र भित्रै दैनिक उपभोग्य सामान जस्तैः ग्यास, मास्क र खाद्य वस्तुको कालोबजारी भएको देखिन्छ । मैले कहाँ उजुरी गर्न सक्छु । के यसरी उजुरी गर्दा म सुरक्षित हुन्छु ?


दैनिक उपभोग्य वस्तुको कृतिम अभाव सृजना गरी कालो बजारी गर्छ भने त्यो गैह्र कानुनी हो । तपाईले कहिकतै यस्तो देख्नुभयो भने ११३७ मा फोन गरेर जानकारी गराउन सक्नुहुन्छ । यसरी कालोबजारी गर्ने व्यक्तिलाई सरकारले ५ वर्षसम्म जेल सजाय र ३ लाखसम्म जरिवाना तोक्नेछ । यसको सूचना दिने जोसुकै व्यक्ति तथा संस्थाको परिचय गोप्य रहनेछ ।



दुई हप्ताकालागि सरकारले लकडाउन गर्दैछ । खानेकुरा सकियोभने के गर्ने होला ?


सरकारले चैत्र ११ गते मंगलबार बिहान ६ बजे देखी लकडाउन गर्ने निर्णय गरेको छ । सुरक्षकर्मि, स्वास्थ्यकर्मि जस्ता अत्यावश्यक सेवामा खटिएका तथा अनुमति प्राप्त व्यक्ति र सवारीसाधन बाहेकको आवतजावत रोकिनेछ । औषधि उपचार, खाद्यवस्तु खरिदजस्ता अत्यावश्यक कामकोलागि भने बाहिर निस्कन सकिनेछ ।

विस्तृत निर्णय यहाँ हेर्नुहोस



सामान्य ज्वरो आएका र रुघाखोकि लागेका बिरामिलाई अस्पतालले कोरोना भाईरस सर्ने डरले उपचार गर्न छोडे रे नि त ।

कुनै पनि अस्पतालहरुले कोभिड - १९ का शंकासपद बिरामिलाई अर्को स्वास्थ्य संस्थामा रिफर नगरी सो संस्थाकै आईसोलेशन बेडमा भर्ना गरी नीजको throat swab को नमुना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाण्डौमा प्रोटेकल अनुसार सुरक्षितसाथ पठाउने व्यवस्था गर्नुपर्ने निर्देशन सरकारले सबै अस्पताललाई दिएको छ । त्यसै गरेर सामान्य बिरामि सेवाबाट बञ्चित नहुन भन्नकालागि सरकारले अनुगमन टोलि खटाएको छ ।



मेरो एकजना साथी प्रयटक भिसामा नेपालमा छ । हवाई नाका बन्द छ । अब भिसाको म्याद सकिएपछि के उसलाई जेल सजाय हुन्छ ?

अध्यागमन बिभागले मार्च २१ देखी अप्रिल ३ सम्म भिसाको सबै काम बन्द हुने जनाएको छ । निम्न अवस्थामा प्रयटकहरु कारवाहीको दायरा भित्र पर्ने छैनन्: १) कम्तिमा मार्च २१ सम्म भिसाको म्याद नगुज्रेको, २) सेवा पुन: सुचारु भएको सात दिन भित्र अध्यागमन विभागमा जानकारी गराएमा । तर, मार्च २१ भन्दा अगाडीनै भिसाको म्याद सकिएका प्रयटकको हकमा भने बिलम्ब शुल्क जरिवाना तिराईने छ ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

आपतकालीन सम्पर्कहरुको सूची

कोभिड-१९ को अवस्थाअ

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार


| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपाली | ३,५२,६६७ नेपाली | ४,६९,१३१ नेपाली | ५३,६११ नेपाली |
| ५११ संक्रमित | १८८ संक्रमित | ३३४ संक्रमित | ४१४ संक्रमित | १५३ संक्रमित | ११८३ संक्रमित | ८८१७ संक्रमित |
| | | ३ नेपाली संक्रमित | | २ नेपाली संक्रमित | | |




### मलेसिया: सरकारले लकडाउनगर्दा पनि नेपाली कामदार काम गर्न बाध्य

सरकारले लकडाउन गरेको अवस्थामा पनि नेपाली कामदारहरूलाई काम गर्न बाध्य पारिएको छ । पिपिएच प्रिन्टिङका लागि काम गर्ने ४५ जना कामदारलाई कामको रिपोर्टिङ गर्न भनिएको छ । सरकारले सडकमा आवतजावत गर्न प्रतिबन्ध लगाएका कारण उनीहरूलाई सुरक्षाकर्मिले पक्राउ गर्ने डर पनि उत्तिकै छ ।

## ५ सहर ५ उपाय



**नेपालगञ्ज**
कोरोना विशेष अस्थाई अस्पतालको सुरुवात

**काठमाण्डौ**
कोरोना भाईरस विरुद्ध लडन १० करोडको आकस्मिक कोष

**बिराटनगर**
शंकासपद बिरामिलाई नि:शुल्क एम्बुलेन्स सेवा सहित कोशी अस्पतालमा लैजाने व्यवस्था

**भरतपुर**
कोरोना भाईरस संक्रमित बिरामिलाई आईसोलेशनमा राख्न अस्थाई अस्पतालको निर्माण र १ करोडको आकस्मीक कोष

**बिरगञ्ज**
६० सदस्यीय समिति गठन र ५ लाखको कोष

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

**सरकारी हटलाईन**
विहान ८:०० देखी बेलुका ८:०० सम्म
९८५१२५५८३९
९८५१२५५८३७
९८५१२५५८३४

**नि:शुल्क हटलाईन**
विहान ८:०० देखी बेलुका ८:०० सम्म
१११५

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरू बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities